अख्तियार दुरुपयोग अनुसन्धान आयोगको

मिति २०८०।०६।१० को बैठकको निर्णय उतार

निर्णय संख्या : २४३

प्रस्तुत उजुरीमा हालसम्मको अनुसन्धान तहकिकातबाट संकलित मिसिल संलग्न कागजातहरु पशुपति क्षेत्र विकास कोष संचालक परिषद्को पत्र, पशुपतिनाथ मन्दिरका मूलभट्ट गणेश भट्टको निवेदन, श्रीको जलहरी निर्माण व्यवस्था समिति गठन भएको पत्र, पशुपति क्षेत्र विकास कोष संचालक परिषद्को रकम निकाशा सम्बन्धीको पत्र, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको श्रीपशुपतिनाथको मन्दिरमा सुनको जलहरी निर्माणको लागि रु. ३० करोड रकम निकाशाका लागि अर्थ मन्त्रालय वजेट तथा कार्यक्रम महाशाखालाई लेखिएको पत्र, अर्थ मन्त्रालय सिंहदरबार काठमाडौंको सुनको जलहरी निर्माण गर्न आवश्यक पर्ने सुन नेपाल राष्ट्र बैंकसंग खरिद गर्ने, यसरी खरिद गरेको सुनको निमित्त नेपाल राष्ट्र बैंकलाई भुक्तानी गर्नुपर्ने रकममध्ये कोषको स्रोतबाट अपर्याप्त हुने रकममध्ये रु. ३० करोड कोषलाई उपलब्ध गराउने गरी खरिद प्रक्रिया अगाडि बढाउन सहमति दिने भन्ने समेत ब्यहोराको पत्र, सुनको जलहरी निर्माण कार्यका लागि कार्यटोली गठन भएको पत्र, सुन खरिद बिक्री सम्बन्धी सम्झौता पत्र, लकरमा सुन राखिएको मुचुल्का, सुनको जलहरी निर्माण कार्य आरम्भ गरिएको मुचुल्का, नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय बालुवाटारको १० किलोग्राम सम्म सुन र दुई किलोग्राम सम्म चाँदी डेपुटी गभर्नरबाट र सोभन्दा माथि गभर्नरज्यूबाट भएको निर्णय तथा कोषको माग बमोजिमको सुन बिक्री गरिएको र नेपाल राष्ट्र बैंक सुन चाँदी तथा अन्य धातु खरिद, टकमरी र बिक्री सम्बन्धी कार्यविधि २०७५ को दफा १० (छ) बमोजिम कच्चा सुन चाँदी ९९९ टच भन्दा कम गुणस्तरको मात्र बिक्री गर्न मिल्ने व्यवस्था रहेकोले कोषबाट सोही बमोजिम कम टचको सुन खरिद गर्न मन्जुर गरी मिति २०७७/१०/२६ मा यस बैंकसँग सम्झौता गरी बैंकको मौज्दातमा रहेको सुन बिक्री गरिएको । मिति २०७७/१०/२९ गते र मिति २०७७/११/५ गते नेपाल राष्ट्र बैंकबाट खरिद गरिएको विभिन्न टचका सुनहरु खरिद गरेको रकम बैंकको खाता नं. १३००००-१०९-००२-५२४ मा कोषद्वारा RTGS/IPS तथा नगदमार्फत जम्मा भएको भन्ने व्यहोराको पत्र ।

साथै सुनको जलहरी निर्माणको क्रममा लकरबाट सुन बाहिर निकाल्दा, राख्दा पेल्न लैजाँदा समेतको विभिन्न मितिहरुमा भएको मुचुल्काहरु, मिति २०७७/११/११ गते मंगलबार

Scanned with CamScanner

राति ८ बजे मिति २०७७/१०/२९ गतेदेखि विभिन्न मितिमा भएका मुचुल्का अनुसार प्राप्त हुन आएका सुनलाई रुद्रगाडेश्वरस्थित नेपाली सेनाको सुरक्षामा रहेको श्रीपशुपतिनाथको सुनको पिठीका (जलहरी) निर्माण कार्य सम्पन्न भई पिठिका (जलहरी) का सामानहरु सुनको पिठिका जलहरीको सामानमध्ये माथिल्लो भागको ३ वटा पाता, जलधारा, नागको तौल ३ पाताको, नाग मुर्ति सहितको तौल, नागको पश्चिमपट्टिको तौल, नागको दक्षिण पट्टिको तौल, सुनको किलाको तौल, जलहरी बनाएर बाँकी रहेको टुक्रा टाक्री सुनको तौलसमेत जोखतौल गरीएको भन्ने ब्यहोराको मुचुल्का, मिति २०७७/११/११ गते मंगलबार राति ११ बजे विभिन्न मितिको मुचुल्का बमोजिम प्राप्त सुनबाट रुद्रगाडेश्वर स्थित ज्यासलमा नेपाली सेनाको सुरक्षामा तयार गरिएको सुनको पिठिका (जलहरी) लाई श्रीपशुपतिनाथमा रहेको साबिकको चाँदीको पिठिका (जलहरी) माथि राख्र तयार भएको पिठिका जलहरीको तौल ९६.८२२ (छ्याननब्बे किलो आठ सय बाईस ग्राम) भएको जलहरीलाई श्रीपशुपतिनाथका मुलभट्ट श्रीपशुपतिनाथका ३ जना भट्ट, पालोवाला भण्डारी १ र सहयोगी भण्डारी समेतका उपस्थितिमा श्रीपशुपतिनाथमा स्थापित गर्न श्री पशुपतिनाथ प्रिति गरी श्रीपशुपतिनाथ मन्दिरमा अर्पण गरियो, साथै बाँकी रहेको सुनको टुक्राहरु रिङ्ग बनाई जलहरीमा लगाईयो भन्ने समेत ब्यहोराको मुचुल्का, मिति २०८०/०३/१० गतेको श्रीपशुपतिनाथ मन्दिर भित्रबाट सुनको जलहरी निकालिएको मुचुल्का, सो सुनको जलहरीलाई तौल गरिएको मुचुल्का, सो तौल गरिएको सुनको जलहरीका भागहरुबाट साना साना टुक्रा काटी तौल गरी संकेत नम्वर समेत दिई सुनको गुणस्तर मापन गरिएको मुचुल्का, सुनको जलहरीको निर्माणको क्रममा रुद्रगाडेश्वर ज्यासलस्थित सेफभित्र बाँकी राखिएको सुन बाहिर निकालि, तौल तथा सुनको गुणस्तर समेत मापन गरिएको मुचुल्का, उक्त सुन पुनः सेफमा राखिएको मुचुल्का, मिति २०८०/०३/१३ गतेको उल्लिखित सेफभित्र राखिएका सुनका जलहरी समेतका सरसामानहरु बाहिरी निकालिएको मुचुल्का, मिति २०८०/०३/१३ गतेका दिन निकालिएका ति सुनको जलहरी सहित सुनको किला तार समेत कालिगढ उपेन्द्र बाराहीसहितको टोलीलाई सुनको जलहरीमा कुचिएका भागहरु मिलाउन सफा गर्न समेतको काम गर्न जिम्मा दिईएको मुचुल्का, कालिगढ उपेन्द्र बाराहीको टोलीले मिति २०८०।०३।१३ गतेका दिन सुनको जलहरीको मर्मतको काम सम्पन्न गरेको मुचुल्का, मिति २०८०/०३/१३ गते बेलुका देखि सुनको जलहरीलाई श्रीपशुपतिनाथ मन्दिरभित्र राख्ने कार्य शुरु गरी मिति २०८०/०३/१४ गते बिहान सम्पन्न गरिएको मुचुल्का, मिति २०८०/०३/१४ गतेको बाँकी रहेको सुन बिशेट नाईके अरुण

Scanned with CamScanner

कुमार श्रेष्ठलाई जिम्मा दिईएको मुचुल्का, नेपाल गुणस्तर तथा नापतौल बिभाग, नेपाल सुन चाँदी तथा रत्न आभुषण महासंघ, नेपाल राष्ट्र बैंक समेतबाट खटिनु भएका प्रतिनिधिले सुनको जलहरीमा प्रयोग भएको सुनको तौल, सुनको गुणस्तर तथा धातुको मात्रासमेतका सम्बन्धमा मिति २०८०/०३/१२ गते दिएको प्राबिधिक प्रतिबेदन, श्रीपशुपति क्षेत्र विकास कोषका सदस्य तथा श्रीको जलहरी निर्माण ब्यबस्था समितिका सल्लाहकार रावल गणेश भट्ट, पशुपति क्षेत्र विकास कोष संचालक परिषद्का सदस्य-सचिव डा.प्रदिप ढकाल, श्रीपशुपति क्षेत्र विकास कोष संचालक परिषद्का तत्कालीन कोषाध्यक्ष तथा श्रीको जलहरी निर्माण ब्यवस्था समितिका संयोजक हालका श्रीपशुपति क्षेत्र विकास कोष संचालक परिषद्का सदस्य सचिव डा. मिलन कुमार थापा, श्रीपशुपतिनाथ मन्दिरको सुनको जलहरी निर्माण कार्यका संलग्न कालिगढ नाईके उपेन्द्र बाराही, सुन दाता सुभाष चन्द्र संघाई, ज्याला दाता मीन बहादुर गुरुङ्ग समेतले गरेको बयान, डा.मिलन कुमार थापा, ध्रुव उप्रेति, आशा पाण्डे, डा.प्रदिप ढकाल, कालिगढ उपेन्द्र बाराही, विशेट नायके अरुण कुमार श्रेष्ठ र डा.घनश्याम खतिवडाले गरेको ततिम्वा बयान, नेपाल राष्ट्र बैंक मुद्रा ब्यबस्थापन बिभागबाट प्राप्त पत्र, तथ्याङ्ग अधिकृत प्रेम कुमार घिमिरेले पेश गरेको प्रतिवेदन, बासुदेव रिमाल, भगवति प्रसाद देव, सिताराम रिसेल समेतले गरेको ततिम्बा बयान, नेपाल राष्ट्र बैक टक्शार महाशाखाका हेड ल्याब म्यान लोकेन्द्र प्रसाद अर्याल, नेपाल गुणस्तर तथा नापतौल बिभागका निरीक्षक बिशाल जिरेल, केमिष्ट रञ्जन नेपालले गरेको कागज समेत कागजातहरुको अध्ययन विश्लेषण गरी हेर्दा श्रीपशुपति क्षेत्र बिकास कोषले नेपाल राष्ट्र बैंकबाट खरिद गरिएको १०३,७७३.१ ग्राम सुनको pure gold १०२६१४.० ग्राम सुन देखिन आएबाट उल्लिखित pure gold १०२६१४.० ग्राम सुनबाट सुनको जलहरी निर्माणमा प्रयोग भएको सुन र रुद्रगाडेश्वरमा बाँकी रहेको अनुसन्धानको क्रममा मिति २०८०/०३/१० गते गणना तथा नाँपतौल र गुणस्तर जाँच समेत गर्दा देखिएको सुनबाट देखिन आएको pure gold १०१,०४८.५ ग्राम सुन घटाउँदा १५६५.६ग्राम शुद्ध सुनको परिमाणमा अन्तर (फरक) देखिन आएकोले नेपाल राष्ट्र बैंकको जर्ती मापदण्ड अनुसार ०.०७२ प्रतिशत जर्ती ७३.८८२०८ ग्राम सुन जर्तीमा प्रयोग हुने मिसिल संलग्न तथ्याङ्ग अधिकृत प्रेम कुमार घिमिरेको प्रतिवेदनबाट देखिन आएको हुदाँ उल्लिखित फरक पर्न आएको शुद्ध सुनको परिमाणको १५६५.६ ग्राममा जर्तीमा प्रयोग हुने सुन ७३.८८२०८ ग्राम सुन घटाउँदा बाँकी हुन आउने १४९१.७१८ ग्राम (एक किलो चार सय एकान्नब्बे ग्राम सात सय अठार मिलिग्राम) सुन फरक परेको अवस्था देखियो ।

Scanned with CamScanner

श्रीपशुपतिनाथ मन्दिरको मुल शिवलिङ्गमा चाँदीको जलहरीमा पञ्चामृत शिवलिङ्गमा चढाउँदा उक्त चाँदीको जलहरी भित्र पञ्चामृत छिर्न गई गन्हाउने समेत हुन थालेकोले सो जलहरी निर्माण गर्न आवश्यक देखिएको हुनाले पवित्र धातु प्रयोग गरी जलहरी निर्माण गर्नुपर्ने हुँदा चाँदीको जलहरीको बदलामा सुनको जलहरी निर्माण गर्न आवश्यक व्यवस्था मिलाउन हुन भन्ने व्यहोराको पशुपतिनाथ मन्दिरका मुलभट्ट गणेश भट्टको मिति २०७६/०७/२८ को निवेदनबाट देखिन्छ ।

पशुपति क्षेत्र विकास कोष संचालक परिषदद्वारा गठित कार्य सम्पादन समितिको मिति २०७६/८/१६ गतेको बैठक निर्णय अनुसार पशुपति क्षेत्र विकास कोष संचालक परिषद्का कोषाध्यक्ष डा. मिलन कुमार थापाको संयोजकत्वमा ९ सदस्य रहने गरी श्रीको जलहरी निर्माण व्यवस्था समिति गठन भएको देखिन्छ।

मिति २०७७/१०/१२ गतेका दिन सम्माननीय प्रधानमन्त्रीज्यूबाट भगवान श्रीपशुपतिनाथको मन्दिर निरीक्षण तथा अनुगमनका क्रममा सुनको जलहरी निर्माण गर्ने कार्यका लागि नेपाल सरकारबाट रु.३० करोड उपलब्ध गराउने व्यहोरा अवगत गराउनु भएकोले कार्यविधि अपनाई सुनको जलहरी निर्माण गर्ने कार्य अघि बढाउने, सुनको जलहरी निर्माणका लागि अनुमानित १०८ किलो ग्राम सुन लाग्ने देखिएकोले सो सुन खरिदका लागि पशुपति क्षेत्र विकास कोषले रु. ५० करोड उपलब्ध गराउने, रु. ३० करोड नेपाल सरकारबाट प्राप्त हुने र अपुग रकम संस्कृति, पर्यटन तथा नागरिक उड्डययन मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने। नेपाल राष्ट्र बैंकबाट आवश्यक सुन खरिदका लागि MOU गर्न कोषका सदस्य सचिवलाई अधिकार दिने।सुनको जलहरी निर्माण कार्यको लागि आवश्यक पर्ने ज्याला दाता मार्फत सोझै कालिगढलाई नै भुक्तानी गर्ने व्यवस्था मिलाउने । सुनको जलहरी निर्माण कार्य अवधिभरका लागि सुरक्षा व्यवस्था मिलाउनु पर्ने भएकोले संस्कृत,पर्यटन तथा नागरिक उड्डययन मन्त्रालय मार्फत रक्षा मन्त्रालयलाई पत्राचार गरी नेपाली सेनालाई सुरक्षाको जिम्मा दिने व्यवस्था मिलाउन अनुरोध गर्ने, भगवान श्रीपशुपतिनाथको गर्भगृहमा रहेको चाँदीको जलहरीलाई मर्मत सम्भार गरी सोही जलहरी माथि सुनको जलहरी लगाउने भन्ने समेत व्यहोराको पशुपति क्षेत्र बिकास कोषका अध्यक्ष माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डययन मन्त्री भानुभक्त ढकालको अध्यक्षतामा मिति २०७७/१०/१४ गते बसेको संचालक परिषद्का निर्णयबाट देखिन्छ ।

Scanned with CamScanner

श्रीपशुपतिनाथको मुखलिङ्ग आधार पीठिका (जलहरी) चाँदीको रहेकोमा सो माथि सुनको जलहरी निर्माण कार्यका लागि लाग्ने २४ क्यारेटको सुन १०८ के.जी. आवश्यकता अनुसार उपलब्ध गराई दिने सम्बन्धमा नेपाल राष्ट्र बैंक बालुवाटारलाई लेखिएको च.नं.४९९ को मिति २०७७/१०/१९ गते पत्रबाट देखिन्छ ।

मिति २०७७/१०/२९ मा बिहानी सिप्टमा (बिहान ६ बजेदेखि १ बजेसम्म) परिषद् सदस्य आशा पाण्डेको संयोजकत्वमा ९ जना सदस्य रहेको कार्यटोली र दिवा सिप्टमा परिषद सदस्य ध्रुब उप्रेतिको संयोजकत्वमा दिउँसो १ बजेदेखि साँझ ८ बजेसम्म ८ सदस्य कार्यटोली गठन गरिएको पत्रबाट देखिन्छ ।

मिति २०७७/१०/२९ गतेका दिन सुनको जलहरी निर्माणको लागि नेपाल राष्ट्र बैंकबाट खरिद गरी टिनको बाकसमा लाहा छाप लगाई ल्याईएको सुन ६४१६३.४०० ग्राम सुन नेपाली सेनाको सुरक्षामा पशुपति रुद्रगाडेश्वर प्राङ्गणको लकरमा बन्द गरी सो लकरको साँचो १ सेट नेपाली सेना, १ सेट पशुपति क्षेत्र बिकास कोष र १ थान ताला चाँबी पशुपति भण्डार तहबिलका बिसेट नाईके अरुण कुमार श्रेष्ठको जिम्मामा रहेको भन्ने ब्यहोराको लकरमा सुन राखिएको मुचुल्काबाट देखिन्छ।

मिति २०७७/१०/३० गते शुक्रबाट बिहान ८.३० बजे श्रीपशुपति नाथको जलहरी निर्माण कार्य गर्नका लागि नेपाल राष्ट्र बैंकबाट खरिद भई आएको सुन ६४१६३.४०० ग्राम मध्ये १२३३१.६० ग्रामको पोका निकाली माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री समेतको उपस्थितिमा कार्य आरम्भ गरियो भन्ने मुचुल्काबाट देखिन्छ ।

मिति २०७७/१०/३० गते शुक्रबार दिनको ११.१५ बजे श्रीपशुपतिनाथको जलहरी निर्माण कार्य गर्नका लागि नेपाल राष्ट्र बैंकबाट खरिद गरेको सुन र सो सुन गाल्नका लागि दातावाट प्राप्त चाँदीमध्ये यसमा प्रयोग हुने चाँदी ५१४ ग्राम र तामा १५५५ ग्राम उपस्थित महानुभावहरुको उपस्थितिमा गाल्नका लागि कालीगढ उपेन्द्र बाराही टोली ४ जनालाई जिम्मा दिईएको भन्ने मुचुल्काबाट देखिन्छ ।

सुनको जलहरी निर्माणको लागि नेपाल राष्ट्र बैकबाट खरिद गरि ल्याईएको सुनमा के कति परिमाणको चाँदी, तामा समेत मिसाउने भन्ने बिषयमा कोषबाट कुनै आधिकारिक निर्णय गरेको देखिदैन ।

Scanned with CamScanner

मिति २०७७/११/५ गते श्रीपशुपतिनाथको जलहरी निर्माण कार्यका लागि नेपाल राष्ट्र बैंकबाट थप ३९६०९.०७ ग्राम सुन खरिद गरि ल्याई जलहरी निर्माणस्थल पशुपति रुद्रगाडेश्वरमा रहेको सेफमा उपस्थितिका रोहवरमा राखिएको भन्ने व्यहोराको मुचुल्कावाट देखिन्छ ।

मिति २०७७/११/११ गते राति ०८:०० बजे गरिएको मुचुल्कामा मिति २०७७/१०/२९ गतेदेखि विभिन्न मितिमा भएका मुचुल्का अनुसार प्राप्त हुन आएका सुनलाई रुद्रगाडेश्वर स्थित नेपाली सेनाको सुरक्षामा रहेको श्रीपशुपतिनाथको सुनको पिठिका (जलहरी) निर्माण भई रहेकोमा आजका मितिमा उक्त सुनको पिठिका जलहरी निर्माण कार्य सम्पन्न भई देहाय अनुसारका पिठिका जलहरीका सामानहरुको जोखतौल गरी देहाय अनुसारको रोहबरमा सम्पन्न भएको र जलहरी बनाएर टुक्राटाक्री अवस्थामा १०९७६ ग्राम सुन बाँकी रहेको भनी मुचुल्का उल्लेख गरिएको तर सोही दिनको राति ११:०० बजे (३ घण्टा पछाडी) गरिएको मुचुल्कामा ९६ किलो ८२२ ग्राम भएको सुनको जलहरीलाई श्रीपशुपतिनाथको मन्दिरमा अपर्ण गरियो भनी धर्सो तानी टुङ्गयाईएकोमा पुनः अर्को लाईनमा साथै बाँकी रहेको सुनको टुक्राहरु रिङ्ग बनाई जलहरीमा लगाईयो भन्ने बाक्य थप गरिएको मुचुल्काबाट देखिएपनि यसबाट रिङ्ग बनाई जलहरीमा लगाईएको भनिएकोमा ३ घण्टामै रिङ निर्माण गरी जडान सम्पन्न गर्न सकिने स्पष्ट आधार नदेखिएको र मिति २०७७/११/११ गते राति ११:०० बजे गरिएको मुचुल्कामा अर्पण गरि सुनको जलहरीमा लगाईएको उक्त रिङ्ग के कति तौल बराबरको हो बाँकी टुक्राटुक्री सुन कति बाँकी रहेको हो भन्ने कुरा मुचुल्काबाट देखिदैन ।

श्रीपशुपति क्षेत्र विकास कोष संचालक परिषद्को मिति २०७७/१०/१४ को निर्णय अनुसार गठित सुनको जलहरी निर्माण व्यवस्थापन समितिलाई तोकिएको कार्यभर श्रीपशुपतिनाथका मुलभट्ट श्री गणेश भट्टज्यूको अध्यक्षतामा सम्माननीय राष्ट्रपति श्रीमति बिद्यादेवी भण्डारीज्यूबाट मिति २०७७/११/१२ गते बिहान ११:४५ बजे भगवान श्रीपशुपतिनाथको सुनको जलहरी अनावरण गर्ने कार्य सम्पन्न भएको भन्ने मुचुल्काबाट देखिन्छ ।

सुनको जलहरी लगाउने कार्यमा सुनको नाग, पातासमेतको तौल ९६ के.जी.८२२ ग्राम पिठिकाको भाग तयार भएको सो नाग, पातासमेतका पिठिकाको भागलाई श्रीपशुपतिनाथको मन्दिरमा राखिएको, बाँकी १० किलो ९७६ ग्राम सुनमध्येबाट रिङ्ग बनाई जलहरीमा राखिएको र बाँकी रहेको सुनको किला बनाईएको, रसानको लागि तार बनाईएको तथा टुक्राटाक्री सुन

Scanned with CamScanner

मन्दिर परिसरको सेफमा रहेको भन्ने व्यहोराको पशुपति क्षेत्र विकाको च.नं. ५५ को मिति २०७८/०४/२५ गतेको आयोगलाई लेखेको पत्रसाथ संलग्न विवरणबाट देखिन्छ।

श्रीपशुपतिनाथमा साबिक भई आएको चाँदीको जलहरी माथि सुनको जलहरी बनाई स्थापित गर्नका लागि सुनको जलहरी निर्माण व्यवस्थापन समितिका संयोजकका रुपमा तोकिएकोमा उक्त निर्माण कार्य मिति २०७७/१०/२९ गतेबाट आरम्भ भई मिति २०७७/११/११ गते रात्री ११ बजे निर्माण कार्य सम्पन्न भई सोही दिन श्रीपशुपतिनाथमा स्थापित गर्न अर्पण गरिएको र मिति २०७७/११/१२ गते उक्त नवनिर्मित सुनको जलहरीलाई सम्माननीय राष्ट्रपति श्रीमति बिद्यादेवी भण्डारीज्यूबाट पूजा अर्चना गरी अनावरण भएकोले सो समितिको कार्य सम्पन्न भई सकेकोले उक्त समितिको औचीत्य समाप्त भएको भन्ने व्यहोराको कोषका कोषाध्यक्ष डा. मिलन कुमार थापाको मिति २०७७/११/१२ गतेको निवेदनबाट देखिन्छ।

मिति २०७७/१०/२९ र मिति २०७७/११/५ मा ९९९ टच भन्दा कम गुणस्तरका संलग्न लिष्ट बमोजिम विभिन्न अलग अलग टचका जम्मा १,०३,७७३.१०० ग्राम सुन बैंकबाट कोषलाई बिक्री गरिएको र सो बापतको रकम मिति २०७७/१०/२९ मा रु.५०,००,००,०००।- (पचास करोड), मिति २०७७/११/०५ मा रु.३०,००,११,९४१।९४(तिस करोड एघार हजार नौ सय एकचालिस रुपैया चौरान्नब्बे पैसा) र मिति २०७७/११/१६ मा रु.४८,५०८।११) अठचालिस हजार पाँच सय आठ रुपैया एघार पैसा) गरी जम्मा रु.८०,००,६०,४५०।०५(असी करोड साठी हजार चार सय पचास रुपैया पाँच पैसा) यस बैंकको खाता नं. १३००००-१०९-००२-५२४ मा कोषद्वारा RTGS/IPS तथा नगद मार्फत जम्मा भएको भन्ने व्यहोराको नेपाल राष्ट्र बैंकको पत्रबाट देखिन्छ ।

पूर्व प्रधानमन्त्री श्री खडग प्रसाद शर्मा ओली २०७७ साल शिबरात्री भन्दा करिब एक महिना अगाडि श्रीपशुपतिनाथ दर्शन गर्न आउँदा कुरा उठेपछि नपुग रकम सरकारबाट उपलब्ध गराउने कुरा व्यक्त गर्नु भएपछि उक्त सुनको जलहरी निर्माण गर्ने निर्णय भएको हो । मिति २०७७ साल फागुन १२ गते राष्ट्रपतिद्वारा उद्घाटन कार्यक्रम हुदाँ जलहरी पुरा भएर रिङ्ग नटहरु हाल्न बाँकी थियो । त्यसपछि एक हप्ता भित्रै दुईवटा रिङ्ग बनाएर हाल्नु भएको हो । म मार्फत दाता सुभाष संघाईले एक किलो सुन मिलेमा जलहरीमा र नमिलेमा भगवानको अन्य कार्यमा अर्पण गर्ने गरी दिनुं भएको थियो र उक्त सुन प्रयोग नभई हाल मूलभट्ट निवासमा मेरो

Scanned with CamScanner

जिम्मामा रहेको छ । उक्त दानको कुनै रसिद दिएको छैन निज दाताले विश्वासमा सदस्य सचिव प्रदिप ढकाल र कोषाध्यक्षको उपस्थितिमा मलाई दिएको हो र उक्त सुन कोषमार्फत उचित कार्यमा प्रयोग गरिने । मिति २०७७/११/११ गते मंगलबार राति ८:०० देखि ११:०० बजेको बिचमा जलहरीको रिङ्ग बनाएर जलहरीमा लगाएको नभएर उक्त दिन जलहरी मात्रै निर्माण गरी फिट गरिएको हो । बाँकी दुई वटा रिङ्ग पछि करिब एक हप्ता पछाडि ल्याएर जलहरीमा राखिएको हो । जलहरी र रिङ्ग निर्माण कार्य सकेर मन्दिरभित्र जडान गर्ने काम भएको छ । लाहा नट कस्ने र अलि टेडामेडा मिलाउने लगायतको काम बाँकी रहेको छ भनी श्रीपशुपतिनाथ मन्दिरका मुलभट्ट रावल गणेश भट्टले गरेको बयानबाट देखिन्छ ।

मिति २०७७।१०।१२ गते तत्कालीन सम्माननीय प्रधानमन्त्रीज्यू मन्दिरमा पूजाका लागि आगमन हुँदा कोषले रु.५० करोड खर्च गर्न सक्ने र अपुग ३० करोड नेपाल सरकारले उपलब्ध गराई दिएमा सुनको जलहरी राख्न सकिने ब्यहोरा जाहेर गरेपछि सम्माननीय प्रधानमन्त्रीज्यूले आगन्तुक पुस्तिकामा अपुग हुने रकम ३० करोड नेपाल सरकारले उपलब्ध गराउने र २०७७ सालकै महाशिवरात्री सम्म जलहरी निर्माण भई सक्ने विश्वास लिएको छु भनी लेख्नु भयो र त्यसका लागि संस्कृति मन्त्री, संस्कृति सचिव, कोषका सदस्य-सचिव लगायतलाई निर्देशन दिनु भयो । बि.सं. २०७७ फागुन १४ गते कोष सञ्चालक परिषद्को बैंठक बस्यो र कोषबाट रु.५० करोड र नेपाल सरकारले ३० करोड गरी कुल ८० करोडबाट सुनको जलहरी निर्माण गर्ने निर्णय भयो ।८० करोडमा जति सुन आउछ त्यतिकै जलहरी बनाउने सोच अनुरुप राष्ट्र बैंकसंग सिधै सुन किन्ने निर्णय गरिए वमोजिम मिति २०७७ माघ १९ गते नेपाल राष्ट्र बैंकमा सुन उपलब्ध गराउन पत्राचार गरियो । जलहरी निर्माण गर्दा लाग्ने ज्यालाको खर्चका लागि र अन्य पूजापाठ व्यवस्थाका लागि मूलभट्ट मार्फत दातासंग अनुरोध गरियो र दाताबाट आश्वासन पनि आयो, मिति २०७७ फागुन ११ गते राति गर्भगृहमा चाँदीको जलहरीसंगै सुनको जलहरी लगाईयो मिति २०७७ फागुन १२ गते बिहान ११.४५ बजेको शुभ साइतमा तत्कालीन सम्माननीय राष्ट्रपतिज्यूबाट अनावरण गर्ने कार्य सम्पन्न भयो यद्यपि जलहरीका पाता जोड्ने कार्य, बर्षौं सम्म पनि मजबुद राख्ने गरी लाँहा र किलाकाँटी ठोक्ने कार्य बाँकी रहेका टुक्राबाट पेटी बनाई राख्ने कार्य बाँकी नै रहेको थियो । साइत छोपेर केही कार्य सम्पन्न गरेतापनि सम्पुर्ण कार्य गर्नका लागि अझै केही सुन लाग्ने थियो । रुद्रगाडेश्वरको सेफमा रहेको टुक्रा सुनहरुबाट पेटी बनाई जलहरीमा राखी किला काँटी लाहा लगाएर सम्पन्न गर्ने सोच यतिकै रहयो ।तर लामो

Scanned with CamScanner

समय यति गहन र संवेदनशील कार्य रोख्नु हुँदैन भनी यही विचमा बाँकी रहेको सुनको पेटी बनाएर राख्ने कार्य भएको हो भनी पशुपति क्षेत्र विकास कोष संचालक परिषद्का सदस्य-सचिव डा. प्रदिप ढकालले गरेको बयानबाट देखिन्छ ।

जलहरी निर्माणका लागि लाग्ने अनुमानित रकम ८० करोडमध्ये ३० करोड नेपाल सरकारले बाँकी ५० करोड कोषले उपलब्ध गराउने निर्णय भई नेपाल राष्ट्र बैंकबाट २ पटक गरी १०३ किलो ७९३.१०० ग्राम सुन खरिद गरी नेपाली सेनाको सुरक्षामा पशुपति क्षेत्रको रुद्रगाडेश्वरस्थित राखिएको उक्त सुनलाई तामा २ के.जी. ८८८ ग्राम र चाँदी १ के.जी. २५३ ग्राम मिलाई निर्माण सम्पन्न गर्दै जाँदा पिठिकामा पेटी रिङ्ग बाहेक ९६ किलो ८२२ ग्रामको नाग सहित पाता बनाई मन्दिरमा राखिएको बाँकी रहेको सुन १० किलो ९७६ ग्रामलाई मिति २०७७/११/१२ मा सर्वोच्च अदालतबाट अन्तरिम आदेशबाट कार्य गर्न रोक्का हुन सक्ने तत्कालीन सम्माननीय प्रधानमन्त्रीज्यूको आदेश सिरोधार्य गर्दै पिठिकाको कार्यमा १० किलो ९७६ ग्राम सुनबाट मिति २०७७/११/२० मा पेटी रिङ्ग बनाई बाँकी सुन यथावत रुपमा रहेको र नापतौल हुन बाँकी रहेको छ भनी तत्कालीन कोषाध्यक्ष तथा हालका श्रीपशुपति क्षेत्र विकास कोष संचालक परिषद्का सदस्य सचिव डा. मिलन कुमार थापाले गरेको बयानबाट देखिन्छ ।

२०७७ साल फागुन ११ गते राति जलहरी फिट गर्दा ९७ किलो नै हो तर जलहरीको माथि अर्को छुट्टै २ वटा रिङ्ग पनि बनाएको थियो तर त्यतिबेला प्राविधिक कारणले रिङ्ग फिट गर्न सकेन अनि फेरी फिर्ता गरी सेफमै राखी पुनः फागुन २० मा सोही २ वटा रिङ्गलाई मिलाई जलहरीमा फिट गरेको हो । किला बनाएको हो, किला फिट गर्न बाँकी छ, पशुपति बिकास कोषले श्रीपशुपतिनाथको शिवलिङ्गमा सुनको जलहरी निर्माणको लागि एक मुष्ट रुपमा मलाई मौखिक रुपमै जिम्मा दिएको हो, उक्त कार्यको लागि दाता श्री मिन बहादुर गुरुङ्गबाट २ पल्ट गरेर (रु.६० लाख र रु.३५ लाख) गरी रु.९५ लाख प्राप्त गरेको हुँ भन्ने ब्यहोराको श्रीपशुपतिनाथ मन्दिरको सुनको जलहरी निर्माण कार्यका संलग्न कालिगढ नाईके उपेन्द्र बाराहीले गरेको बयानबाट देखिन्छ ।

जलहरी निर्माणमा मेरो स्वर्गीय आमाले गुप्तदानको रुपमा जलहरी निर्माण वा त्यस सम्बन्धि अन्य निर्माण भएपनि सुन, दान गर्ने सोच रहेकोले १(एक) के.जी. सुन प्रदान गर्नु भयो, त्यसका लागि म आफैले श्रीमूलभट्टजीलाई अनुरोध गरे । मेरो स्वर्गीय आमाले लगभग १

Scanned with CamScanner

के.जी.सुन श्रीपशुपतिनाथको वन्न लागेको जलहरी वा त्यस माथि अन्य कार्यमा. प्रयोग गर्न दिनू भएको हो । उक्त सुन एक के.जी. मैले मूलभट्टलाई दिई वहाँकै अगाडि जलहरीमा समादेशक गर्न र अन्य कसैलाई जिम्मा नलगाउने शर्तमा अनुरोध गरे भन्ने व्यहोराको सुभाष चन्द्र संघईले गरेको बयानबाट देखिन्छ ।

मेरो मूलभट्टज्यूमार्फत दाताको रुपमा प्रवेश गरेको हु। सुनको जलहरी निर्माणका लागि कालिगढ उपेन्द्र बराहीलाई पहिलो किस्ताबाट रु.६० लाख मात्र र दोस्रो किस्तावापत रु.३५ लाख मात्र निजलाई दिएको हो । पुजाको लागि खर्च हामी आफैले पण्डितहरुलाई खाममा राखेर दक्षिणा भेटीको रुपमा अन्दाजी ५लाख जति दान गरेको हु। कालिगढ उपेन्द्र बाराहीलाई ज्यालाबापत नगदै रकम दिएको बारे मूलभट्टज्यू, सदस्य सचिव कोषको कोषाध्यक्षज्यूहरुलाई थाहा छ भन्ने ज्याला दाता मीन बहादुर गुरुङ्गले गरेको बयानबाट देखिन्छ ।

प्राबिधिक कुरा भएको कारण आफुलाई थाहा नभएको, जलहरी निर्माण गर्ने क्रममा सुन घटी हुन सक्छ भन्ने बिषयमा छुट्टै मुचुल्का गरिएको छैन, भन्ने समेत व्यहोराको एकैमिलानको डा. मिलन कुमार थापा समेतले गरेको ततिम्वा वयानबाट देखिन्छ ।

मिति २०८०/०३/०६ गतेका दिन यस आयोगमा श्रीपशुपतिनाथको मन्दिरमा चढाईएको सुनको जलहरीको परिमाण, गुणस्तर र धातुको मात्रा नापजाँच गरी एकिन गर्न आयोगको तर्फबाट सह-सचिव शेरजङ्ग कार्कीसमेत र श्रीपशुपति क्षेत्र विकास कोषको तर्फबाट कोषका सदस्य सचिव डा. मिलन कुमार थापा सहित अन्य कोषका सदस्य समेत रहने गरी समिति गठन गर्ने सिफारिस सम्वन्धमा छलफल भई उक्त समितिबाट मिति २०८०/०३/१० गते अपरान्ह ४ बजे नापजाँच गरी प्रतिवेदन लिने कार्यको स्वीकृतिको लागि निर्णय पेश भई सोही मितिमा सदर भएको मिसिल संलग्न बैठकको प्रतिलिपि कागजबाट देखिन्छ ।

नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन बिभाग, टक्सार महाशाखाको मिति २०८०/०५/१२ गतेको पत्रबाट गलान गर्ने कार्यमा ०.०३०, पाता तथा चक्की निर्माण कार्यमा ०.०२० र पोली (पाता चक्की सफाई कार्यमा ०.०२२ मा सामान्य जर्तीको मात्र प्रतिशत (अधिकतम) का आधारमा जर्तीमा प्रयोग हुने भनी खुलाएको देखिन्छ भने सोही पत्रका आधारमा तथ्याङ्ग अधिकृत प्रेम कुमार घिमिरेले १०२.६१४० के.जी. शुद्व सुनमा ७३.८८२०८ ग्राम सुन जर्तीको मात्रा प्रयोग हुने भनी पेश गरेको प्रतिवेदनबाट देखिन्छ ।

Scanned with CamScanner

तसर्थ मिति २०८०/०३/१० गते आयोगको अनुसन्धान अधिकृत सहितको टोली श्रीपशुपतिनाथको मन्दिरमा खटिई गई श्रीपशुपतिनाथको मन्दिरभित्र रहेको सुनको जलहरीको भागहरुलाई मन्दिरका मुलभट्ट तथा भट्टज्यूहरुको सहयोगमा बाहिरी निकाली नेपाल गुणस्तर तथा नापतौल बिभागबाट खटिई आउनु भएको प्रतिनिधि निरीक्षक बिशाल जिरेल र केमिष्ट रञ्जन नेपालले मान्यता प्राप्त डिजिटल तराजु ढकबाट मुचुल्कामा उल्लिखित सुनको जलहरीका भागहरुको तौल गर्दा क्रमशः सुनको रिङ्ग दुई थान (एउटै रिङ्गको दुई टुक्रा)को तौल ५.०५०५ के.जी., सुनको बेल्ट थान एक ३.६६२० के.जी., मुर्ति सहितको बासुकी नाग एक थान ११.१८८५ के.जी., नागको शरीरको तिन पिस भएको सेट एक क्रमशः १०.१८८० के.जी., १२.७७७० के.जी.,१२.२२०० के.जी, जलधारा एक थान ८.५३७५ के.जी., जलहरीको तीन पिस भएको सेट एक क्रमशः १४.३४९५ के.जी., १४.९७२० के.जी.,१३.४८७५ के.जी. समेत गरी कुल जम्मा १०६.४३२५ (एक सय छ किलो चार सय बत्तिस ग्राम पाँचसय मिलिग्राम) भएको मुचुल्काबाट देखिन्छ ।

त्यसैगरी श्रीपशुपतिनाथ मन्दिरको परिसरभित्र रहेको रुद्रगाडेश्वर ज्यासलस्थित सुनको जलहरी निर्माणस्थलमा निर्माणको क्रममा बाँकी रहेको भनिएको सुनको किला २७ पिसको तौल ०.२९८० के.जी., सुनको तारको टुक्रा ७ वटाको तौल ०.१०९५ के.जी., सुनका साना साना टुक्रा ५ पिसको तौल ०.१७१५ के.जी. सुनको पाताको टुक्रा एक थानको तौल ०.४५८५ के.जी. गरी जम्मा १.०३७५ (एक किलो सैतिस ग्राम पाँचसय मिलीग्राम) भएको र ति किला, तारको टुक्रा, पाता समेतलाई सुनको गुणस्तर मापन गर्ने मेशिनमा राखि मापन गरी सोको परिक्षण प्रतिबेदनसमेत मुचुल्का साथ संलग्न गरेको देखिन्छ ।

साथै ति छुट्टाछुट्टै तौल गरिएका सुनका जलहरीका भागहरु रिङ्ग, बेल्ट, बासुकी नाग, जलधारा, जलहरी, निर्माणका क्रममा बाँकी रहेको भनिएको सुनको किलाहरुसमेतबाट मुचुल्कामा उल्लिखित १५ वटा साना साना टुक्रा सुन काटी प्रत्येकलाई संकेत नाम दिई छुट्टा छुट्टै सुनको गुणस्तर मापन गर्ने मेशिनबाट नेपाल सुन चाँदी रत्न तथा आभुषण महासंघबाट खटिई आउनु भएको प्रतिनिधि सुरेश मान श्रेष्ठले सुनको गुणस्तर तथा धातुको मात्रा मापन गर्ने मेशिनबाट परिक्षण गरेको परिक्षण प्रतिवेदन समेत मिसिल संलग्न राखिएको र ति १५ वटा नमुनाहरुको तौल गर्दा २.४१० (दुई ग्राम चार सय दश मिलिग्राम) भएको मुचुल्काबाट देखिन्छ । यसैगरी मिति २०८०।०३।१२ गतेको नेपाल गुणस्तर तथा नापतौल बिभाग, नेपाल राष्ट्र बैंक, नेपाल

Scanned with CamScanner

मुचुल्का गरी एकिन तौल गर्ने भन्ने विषयमा कोषका तत्कालीन कोषाध्यक्ष डा. मिलन कुमार थापाले गर्न नमानेपछि निज वासुदेव रिमाल फर्केर आएको भन्ने समेत बेहोराको निज वासुदेव रिमालले गरेको ततिम्बा बयानबाट देखिएको र मुचुल्का तथा तौल गर्ने विषयमा भएको विवादलाई समर्थन गरी कोषाध्यक्षज्यूले किन जोख्न चाहानु भएन उहाँले जान्ने कुरा हो मलाई थाहा भएन भन्ने समेत बेहोरा खुलाई परिषद् सदस्य भगवति प्रसाद देवले ततिम्बा बयान गरेको देखिन्छ ।

मिति २०८०/०३/१२ गतेको प्राविधिक परीक्षण प्रतिवेदन हामीले पेश गरेका हौं । हामीलाई उपलब्ध गराईएको तथ्याङ्गहरुको आधारमा प्रतिवेदन तयार गरिएको र प्रतिवेदनमा उल्लिखित १.५६५६ के.जी. शुद्व सुनको अन्तर वास्तविक हो यसबाट वास्तविक शुद्व सुनको परिमाण यकिन गर्न सकिन्छ भन्ने समेत बेहोराको नेपाल गुणस्तर तथा नापतौल विभागका निरीक्षक विशाल जिरेल समेतले गरेको कागजबाट देखिन्छ ।

मिति २०७७/११/१२ गते सम्माननीय राष्ट्रपतिज्यूबाट सुनको जलहरीलाई अनावरण सम्पन्न गरियो भनि मुचल्का समेत गरिसकेको अबस्थामा मिति २०७७/११/२० गते कोषको निर्णय बिना कोषका तत्कालीन कोषाध्यक्ष हालका सदस्य सचिब डा. मिलन कुमार थापा, परिषदका सदस्य भगवति प्रसाद देव, बिशेट नाईके अरुण कुमार श्रेष्ठसमेत भई रिङ्ग बनाउने कार्यका लागि के कति मात्राको सुन लिएको भन्ने बिषयमा कुनै मुचुल्का नै नगरी ललितपुर बालकुमारीस्थित शाक्य सिल्भर रोलिङ्ग सर्भिसमा लिई पाता बनाई सोही स्थानमा कालिगढ उपेन्द्र वाराहीसहितको कालिगढ टोलीलाई रिङ्ग तथा पेच किला समेत बनाउन लगाई बनाईएका उल्लिखित रिङ्ग तथा पेच, किला तथा बाँकी रहेको सुन के कति परिमाणको थियो भन्ने बिषयमा तत्कालै सोही स्थानमा मुचुल्का गर्नुपर्नेमा सो समेत नगरी सोही दिन बेलुका श्रीपशुपतिनाथ मन्दिरको सुनको जलहरीमा रिङ्ग समेत राख्ने कार्य गरेको देखिएको हुँदा यसरी कोषको निर्णय विना गैरजिम्मेवारी तरिकाले जलहरी निर्माणका क्रममा बाँकी रहेको सुन सेफबाट झिक्दा, गाल्दा, ढिका बनाउँदा, बाहिर लैजाँदा, पाता पेल्दा, रिङ्ग बनाउँदा कालिगढलाई जिम्मा दिँदा, कालिगढले बनाएको रिङ्ग तथा पेच किला र बाँकी सुन जिम्मा लिँदा दिँदा समेत अबस्थाको कुनै आधिकारिक निर्णय तथा मुचुल्का समेत नगरी सुन हिनामिना गर्न मनसायका साथ कार्य गरे गराएको देखिन आएबाट निजहरुको सो कार्यबाट १.५६५६ किलो ग्राम सुन हिनामिना भएको पुष्टि भएको छ ।

Scanned with CamScanner

उक्त हिनामिना भएको सुनको बिगोको सम्बन्धमा निजहरुले सुनको जलहरी निर्माणका क्रममा नेपाल राष्ट्र बैंकबाट मिति २०७७/१०/२९ गते खरिद गरेको ६४१६३.४०० ग्राम सुनको दररेटलाई कायम गरी सो दिनको प्रतिग्रामको रु.७८४४.५० को दरले १४९१.७१८ ग्राम सुनको पर्न आउने मुल्य रु.१,१७,०१,७८१.८५ (एक करोड सत्र लाख एक हजार सात सय एकासी रुपैया पचासी पैसा) बराबरको सार्वजनिक संस्थाको सम्पत्ति सुनमा बदनियत गरी हिनामिना, हानिनोक्सानी तथा दुरुपयोग गरेको देखिएकोले निज प्रतिवादी डा. प्रदिप ढकाल, डा. मिलन कुमार थापाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको देखिएकोले निज डा. प्रदिप ढकाल र डा. मिलन कुमार थापालाई बिगो रु.१,१७,०१,७८१.८५ (एक करोड सत्र लाख एक हजार सात सय एकासी रुपैया पचासी पैसा) कायम गरी निज डा. प्रदिप ढकाल र डा. मिलन कुमार थापालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देष गरे बमोजिम ऐ.ऐ. ऐनको दफा ३ को उपदफा (१) को (झ) बमोजिम कैद र ऐ.ऐ.ऐनको दफा ३ (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम निजहरुबाट बिगो रकमसमेत असुल उपर हुन मागदावी लिने।

साथै निज प्रतिवादी डा. प्रदिप ढकाल नेपाल सरकारबाट नियुक्ति भई श्रीपशुपति क्षेत्र बिकास कोष संचालक परिषद्को सदस्य सचिवको जिम्मेवारी प्राप्त गरी सार्वजनिक पदको जिम्मेवारीमा रहेको देखिँदा निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन समेत मागदावी लिने ।

२. पशुपति क्षेत्र विकास कोषमा कार्यरत बिशेट नाईके (स्टोरकिपर) अरुण कुमार श्रेष्ठको हकमाः निज प्रतिवादी पशुपति क्षेत्र बिकास कोषको बिशेट नाईके (स्टोरकिपर) पदमा कार्यरत रही कोषको सम्पत्ति संरक्षण गर्ने जिम्मेवार व्यक्ति रहेकोमा श्रीपशुपतिनाथ मन्दिरभित्र सुनको जलहरी निर्माणका क्रममा नेपाल राष्ट्र बैंकबाट खरिद गरिएको सुन लगायत सोही कार्यमा अन्य दाताहरुबाट प्राप्त सुन, चाँदी, तामासमेतको अभिलेख गरी पार्दशीरुपमा दुरुस्त राख्ने पर्नेमा सो समेत नराखी सुनको जलहरी निर्माणका क्रममा रुद्रगाडेश्वरमा बाँकी रहेको सुन समेत मिति २०७७/११/२० गतेका दिन प्रतिबादी डा. मिलन कुमार थापाको मिलेमतो योजनामा रिङ्ग बनाउने भनी कोषको आधारिकारिक निर्णय तथा मुचुल्का बेगर के कति परिमाणको सुन रिङ्गसमेत बनाउन लगिएको हो ? के कति परिमाणको सुनको रिङ्ग बनाईयो,

Scanned with CamScanner

बाँकी रहेको सुनसमेत शुद्ध सुन pure gold १०१,०४८.५ ग्राम सुन घटाउँदा १५६५.६ ग्राम सुनको परिमाणमा अन्तर (फरक) देखिएकोले उक्त अन्तर देखिएकोमा नेपाल राष्ट्र बैंकले प्रचलनमा ल्याएको जर्ती मापदण्ड अनुसार हुने ०.०७२% ले हुन आउने ७३.८८२०८ ग्राम सुन घटाउँदा बाँकी हुन आउने १४९१.७१८ ग्राम (एक किलो चार सय एकान्नब्बे ग्राम सात सय अठार मिलिग्राम) सुन निज प्रतिबादी बिशेट नाईके अरुण कुमार श्रेष्ठसमेत संलग्न भई हिनामिना गरेको देखिएकोले निज प्रतिबादीले सुनको जलहरी निर्माणका क्रममा नेपाल राष्ट्र बैंकबाट मिति २०७७/१०/२९ गते खरिद गरेको ६४१६३.४०० ग्राम सुनको दररेटलाई कायम गरी सो दिनको प्रतिग्रामको रु.७८४४.५० (सात हजार आठ सय चौवालिस रुपैया पचास पैसा) को दरले १४९१.७१८ ग्राम (एक किलो चार सय एकान्नब्बे ग्राम सात सय अठार मिलिग्राम) सुनको पर्न आउने मुल्य रु.१,१७,०१,७८१.८५ (एक करोड सत्र लाख एक हजार सात सय एकासी रुपैया पचासी पैसा) बराबरको सार्बजनिक संस्थाको सम्पत्ति सुनमा बदनियत गरी हिनामिना, हानिनोक्सानी तथा दुरुपयोग गरेको देखिएकोले निज प्रतिवादी बिशेट नाईके अरुण कुमार श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको देखिएकोले निज बिशेट नाईके अरुण कुमार श्रेष्ठलाई बिगो रु.१,१७,०१,७८१.८५ (एक करोड सत्र लाख एक हजार सात सय एकासी रुपैया पचासी पैसा) कायम गरी निज बिशेट नाईके अरुण कुमार श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देष गरे बमोजिम ऐ.ऐ. ऐनको दफा ३ को उपदफा (१) को (झ) बमोजिम कैद र ऐ.ऐ. ऐनको दफा ३(१) बमोजिम बिगो बमोजिम जरिवाना हुन र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम निजबाट बिगो रकम समेत असुल उपर गरी पाउन मागदावी लिने।

बयान गराईएका ब्यक्तिहरुमध्ये मुलभट्ट गणेश भट्टको हकमा सुनको जलहरी श्रीपशुपतिनाथको शिवलिङ्गबाट झिक्ने र राख्ने कार्यमा मात्र संलग्न रहेको, सुन हिनामिना गर्ने कार्यमा कुनै भूमिका नदेखिएको, जलहरी निर्माण कार्यको जिम्मेवारीमा रहेको नदेखिएको, यादव प्रसाद कोइरालाको हकमा अनुगमनको जिम्मेवारी भएतापनि आफूलाई अनुगमन गर्ने जिम्मेवारी थाहा नभएको भनी बयानमा खुलाएको देखिन्छ, कार्यकारी निर्देशक डा. घनश्याम खतिवडाको हकमा सुनको जलहरी निर्माणमा कुनै जिम्मेवारी रहेको नदेखिएको, देवी प्रसाद वराल, विश्व करण जैन, हरिकृष्ण व्यञ्जनकार, उद्धव प्रसाद बडाल, राजु कुमार खत्री, भगवती प्रसाद देव,

Scanned with CamScanner

रमेश राज शिवाकोटी, अर्जुन प्रसाद वास्तोला, रमेश कुमार उप्रेतीको हकमा निजहरुले सुनको जलहरी निर्माण कार्यमा कुनै पनि जिम्मेवारी वहन गरेको नदेखिएको, परिषद् सदस्य आशा पान्डे, सहित कार्यटोलीमा रहेका अन्य सदस्य भरत मरासिनी, डम्बर बहादुर कार्की, भुवनहरि दाहाल, कबिन्द्रराज भण्डारी, सरोजराज भण्डारी, तेज बहादुर थापा, रामकृष्ण श्रेष्ठ र परिषद् सदस्य ध्रुब उप्रेति सहित कार्यटोलीमा रहेका अन्य सदस्य भोला प्रसाद सिटौला, हिरा प्रसाद पौडेल, बलराम राज भण्डारी, बासुदेव रिमाल, ॐ शिव भण्डारी, रामहरी राज भण्डारी र कालिगढ उपेन्द्र बाराही सहित शुक्रमान शाक्य, राजु ताम्राकार, मनिष ताम्राकार, मदन शाक्य रत्नकाजी शाक्य, प्रेम हरी ढुंगाना, रेवती रमण अधिकारी, सिताराम रिसेल, सुर्य बहादुर भाट, चन्द्र प्रसाद खनाल, बिसु भण्डारी, राजन राज भण्डारी, रवि राज भण्डारी, केदारमान भण्डारी, संजय भण्डारी, विजेन्द्र कुमार राज भण्डारी, भिम बहादुर बुढाथोकी. मो लामा र तोपमान श्रेष्ठको समेतको हकमा निजहरुलाई लाए अहाएको कार्य मात्र गर्ने गरेको अनुसन्धानबाट देखिएको सुन हिनामिना गर्ने कार्यमा कुनै भुमिका नदेखिएको र बिनय राज कार्की, टिका बहादुर कार्की बेद प्रसाद पनेरुको हकमा निजहरुको बाहय सुरक्षा दिने जिम्मेवारी मात्र रहेको देखिएको, मीन बहादुर गुरुङ्ग जलहरी निर्माण कार्यको ज्याला दिने दाता मात्र रहेको, सुभाष चन्द्र संघई र बालकृष्ण शिवाकोटी दाता मात्र रहेको देखिएको हुँदा निजहरुको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ग. बमोजिम हुने हुँदा केही गरीरहनु परेन ।

अनुसन्धानको क्रममा मिति २०८०/०३/१० गतेका दिन श्रीपशुपतिनाथ मन्दिरभित्र रहेको सुनको जलहरी बाहिरी निकाली उल्लिखित सुनको जलहरीमा प्रयोग भएको जलहरीको रिङ्ग, नाग, जलहरी समेतका भागहरुबाट मुचुल्कामा उल्लिखित नमुनाहरु सुनको गुणस्तर मापन गर्नका लागि साना साना टुक्रा काटी तौल गरी गुणस्तर मापन गरिएका १५ थान छुट्टाछुट्टै संकेत नाम दिईएका जम्मा २.४१० ग्राम (दुई ग्राम चारसय दश मिलिग्राम) का नमुनाहरु र श्रीपशुपति क्षेत्र विकास कोष संचालक परिषद्को पत्रसाथ अनुसन्धानको क्रममा यस आयोगमा प्राप्त हुन आएको सुनको जलहरी निर्माणका क्रममा भएका भिडियो फोटोसमेत रहेको हार्डडिक्स थान-३(तिन) समेत श्रीपशुपति क्षेत्र विकास कोषलाई फिर्ता गर्ने ।

अब उप्रान्त श्री पशुपति क्षेत्र विकास कोषले दाताबाट कोषलाई प्राप्त जिन्सी सामानहरु विशेषत सुन, चाँदी, ताभासमेत प्राप्त हुनासाथ व्यवस्थापन गरी स्टोर र लेखामा लेखाङ्कन गर्ने, नगदमा प्राप्त दान-दानव्य, नगद, चेकको हकमा तत्काल पशुपति क्षेत्र विकास कोषको बैंक

Scanned with CamScanner